राप्ती सोनारी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

अगैया, बाँके

लुम्बिनी प्रदेश, नेपाल

प.सं. :- २०७९/८० (योजना शाखा) च.नं. :- २२३ मिति :- २०७९/०६/०९

विषय:- निर्णय कार्यान्वयन सम्बन्धमा ।

श्री प्रशासन शाखा,
श्री शिक्षा युवा तथा खेलकुद शाखा,
श्री कृषि शाखा,
श्री जनस्वास्थ्य शाखा,
श्री प्राविधिक शाखा,
श्री राष्ट्रिय भूमि आयोगको शाखा,
श्री महिला तथा बालबालिका शाखा,
श्री आर्थिक प्रशासन शाखा,
श्री वडा कार्यालयहरु सबै,
राप्ती सोनारी गाउँपालिका, बाँके ।

उपरोक्त सम्बन्धमा गाउं कार्यपालिकाको मिति २०७९ असोज ०४ गते बसेको बैठकको निर्णय उतार पाना ६ (छ) यसै साथ संलग्न राखी आवश्यक कार्याथ पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ ।

..........................
(बालानन्द पौडेल)
अधिकृत स्तर छैटौं (योजना शाखा)

# २०७९ असोज ४ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

**प्रस्तावहरु**

१. नदिजन्य पदार्थहरुको टेण्डर आव्हान गर्ने सम्बन्धमा ।
२. कृषि योग्य जमिन र गैह्र कृषि योग्य जमिन सम्बन्धि जग्गाको वर्गिकरण गरि मालपोतमा सिफारिस गर्ने सम्बन्धमा ।
३. पुल, सडक लगाएत अन्य योजनाको टेण्डर आव्हान गर्ने सम्बन्धमा ।
४. वडा नं. ३ को भवन निर्माण गर्ने सम्बन्धमा ।
५. उद्यम विकास समितिको गठन सम्बन्धमा ।
६. विविध :-

**निर्णयहरु:-**

**प्रस्ताव नं. १** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा 'घ' को (६), यस गाउँपालिकाको आर्थिक ऐन, २०७८ र गाउँपालिकाको अधिकार क्षेत्रभित्र रहेका खल्लाटपरी घाट वाहेक अन्य नदी, खोलाहरुबाट प्रारम्भिक वातावरणीय परीक्षण (IEE) प्रतिवेदन- २०७९ द्वारा निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी यस गाउँपालिकाले तोकेको दरमा बिक्रीका लागि ठेक्का-पट्टा मार्फत बन्दोबस्त गर्न पर्ने भएकोले राष्ट्रिय स्तरको पत्रिकामा ३५ दिने सूचना प्रकाशित गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं. २** मा छलफल गर्दा कृषि योग्य जमिन र गैह्र कृषि योग्य जमिनको वर्गिकरण सम्बन्धमा वडा कार्यालयबाट प्राप्त लगत विवरण सामान्य शंसोधन सहित मालपोत कार्यालय, बाँकेमा पठाउने निर्णय गरियो ।

**प्रस्ताव नं. ३ र ४** मा छलफल गर्दा हाल प्रथम चरणका लागि देहाय वमोजिमका आयोजनाहरुको ल.ई.तयार गरी सूचना प्रकाशन गर्ने र वडा नं. ५ को रंगशाला निर्माणको DPR शंसोधन (Review) समेत गरी सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

| सि.नं. | आयोजनाको नाम | विनियजित रकम (रु. हजारमा) |
|---|---|---|
| १ | वडा कार्यालय भवन- ३ (समपुरक) | १३००० |
| २ | समशेरगञ्ज शस्त्र क्याम्प जाने बाटो- ८ (समपुरक) | १०००० |
| ३ | सिद्धेश्वर मावि भवन निर्माण ६ (समपुरक) | ७००० |
| ४ | चुकेनाला भक्ते खोला तटबन्ध- ९ (शसर्त-प्रदेश) | २५०० |
| ५ | रंगशाला निर्माण- ५ (शसर्त-संघ) | ९००० |



तप्त बहादुर पौडेल
अध्यक्ष

# २०७९ असोज ४ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

तप्त बहादुर पौडेल
अध्यक्ष

प्रस्ताव नं. ५ मा छलफल गर्दा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चलन निर्देशिका, २०७७ को दफा नं. ५२ वमोजिम देहाय वमोजिम उद्यम विकास समिति गठन गरियो :-

| सि.नं. | समितिका पदाधिकारीहरुको विवरण | पद | सम्पर्क नं. |
|---|---|---|---|
| १ | श्री तप्त वहादुर पौडेल- गा.पा.अध्यक्ष | संयोजक | ९८५८०२३१२७ |
| २ | श्री मिन बहादुर चौधरी- वडाध्यक्ष- ३ | सदस्य | ९८४८२२२३३४ |
| ३ | प्रमुख प्रशासकीय अधिकृत | सदस्य | ९८५८०५५५१६ |
| ४ | श्री मिना बुढा- वडा नं. ७ | सदस्य | ९८६६७२८६९२ |
| ५ | श्री हेमरानी मौर्य- वडा नं. ७ | सदस्य | ९८६४८१४५१४ |
| ६ | श्री शोभा कुमारी दमाई- वडा नं. ६ | सदस्य | ९८४४७७०९५१ |
| ७ | सम्बन्धित शाखा हेर्ने प्रमुख | सदस्य सचिव | ९८६२५६४५३७ |

६. विविध :-

६.१ करार तर्फका कर्मचारीको थप पारीश्रमीक सम्बन्धमा छलफल गर्दा गत: आ.व.मा खाइपाई आए सरह मासिक पारीश्रमीक रकम उपलब्ध गराउने निर्णय गरियो ।

६.२ कार्यालयका देहाय वमोजिमका शाखाहरुको चालु आ.व.को प्रथम चौमासिक (श्रावण र भाद्र महिनाको) प्रगति समिक्षा गरियो ।

- महिला तथा वालवालिका शाखा
- राजश्व शाखा
- भूमि आयोग शाखा
- विपद व्यवस्थापन शाखा
- पशु शाखा
- योजना तथा प्राविधिक शाखा
- उद्यम विकास शाखा
- कृषि विकास शाखा
- जिन्सी शाखा
- सूचना तथा प्रविधि शाखा
- जनस्वास्थ्य शाखा

६.३ गत: आ.व.मा ठेक्का पट्टाका माध्यमबाट सञ्चालन भएका र सम्झौता अवधि समाप्त भएका कारण सम्पन्न हुन नसकेका देहाय वमोजिमका आयोजनाहरुको सन्दर्भमा प्राविधिक शाखा



तप्त बहादुर पौडेल
अध्यक्ष

तप्त बहादुर पौडेल
अध्यक्ष

## २०७९ असोज ४ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

प्रमुख ईन्जिनियर श्री यथेष्ठ पुन मगरको संयोजकत्वमा विस्तृत अध्ययन तथा छानविन गरि हालसम्मको प्रगति विवरण सहित १ हप्ता भित्र प्रतिवेदन पेश गर्ने ।

| सि.नं. | आयोजनाको नाम | सम्झौता अङ्क | सम्झौता म्याद समाप्त भएको मिति |
|---|---|---|---|
| १ | वडा नं. ९ गेरुवानाला पुल | ६,९६१,६६५.७१ | २०७८/१२/३० |
| २ | जुरपानी सडक- ५ | ८८६,१०३.५० | २०७९/०३/२० |
| ३ | वडा नं. ६ सिधनवा बाटोको | ५,४५२,३५७.०० | २०७९/०३/२० |

६.४ कार्यालयको २४ घण्टा रेखदेखका लागि सेक्यूरिटि गार्डको लागि सूचना प्रकाशन गर्ने र नयां सेक्यूरिटि फर्मसंग सम्झौता नभए सम्म कार्यरत फर्मलाई निरन्तरता दिने ।

६.५ आगामी आ.व.का लागि प्रत्येक वडाबाट १/१ वटा गौरवका आयोजना माग गरि तराई-मधेश सम्बृद्धि कार्यक्रममा पठाउने ।

६.६ म.ले.प.को आ.व. २०६७/७७ को बार्षिक प्रतिवेदन प्रस्तुत गरि जानकारी गरियो ।

६.७ गाउँपालिकामा गठित बजार अनुगमन समितिद्वारा वडा १ देखि ९ सम्म दशैं अगावै अनुगमन गर्ने ।

६.८ पशु सेवा शाखाको पशु-पंछीलाई औषधि उपचार गर्नका लागि किसान कार्ड (उचार पर्चा) पहिलो पटक कृषकलाई वितरण गरे वापत दर्ता शुल्क रु. २५।- राजश्व लिई उपचार पर्चा वितरण गर्ने ।

६.९ प्रोप्राइटर आरिफ मोहम्मद मुकेरी, रा.सो.- ७ रहेको सुपर स्काई कन्स्ट्रक्शनलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धि कार्यविधि, २०७४ को प्रकृया अपनाई लाग्ने राजश्व लिई नयां इजाजत पत्र दिने ।

६.१० प्रारम्भिक वातावरणिय प्रभाव मुल्याङ्कन कार्यका लागि बि एम एस, आवास, रिप्पल जे भी, कोहलपुरको निवेदन अनुसार सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६ को उपदफा (२) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२०(३) वमोजिम २०७९ भाद्र १० गते सम्मका लागि म्याद थप गरि उक्त जे भी मार्फत पेश हुन आएको यस गा.पा.अन्तरगतका विभिन्न खोलानालाहरुको IEE प्रतिवेदन- २०७९ लाई स्वीकृत गरियो ।



तप्त बहादुर पौडेल
अध्यक्ष

तप्त बहादुर पौडेल
अध्यक्ष

# २०७९ असोज ४ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

६.११ यस गाउँपालिका अन्तरगत स्वास्थ्य क्षेत्रसंग सम्बन्धित देहाय वमोजिमका निर्देशिका तथा नीतिलाई स्विकृत गरियो ।

| सि.नं. | निर्देशिका तथा नीतिको नाम |
|---|---|
| १ | स्वास्थ्य क्षेत्रको अनुमगन, मूल्याङ्कन तथा सुपरिवेक्षण निर्देशिका- २०७९ |
| २ | रासी सोनारी गाउँपालिका स्वास्थ्य संस्था दर्ता, अनुमति तथा नविकरण निर्देशिका- २०७९ |
| ३ | रासी सोनारी गाउँपालिकाको स्वास्थ्य निति- २०७९ |

६.१२ औद्योगिक ग्रामका लागि उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयसंग आवश्यक रकम माग गर्ने र सोहि रकमबाट DPR तयार गर्ने । साथै उक्त औद्योगिक ग्राम रासी सोनारी- २ मा स्थापना गर्ने निर्णय गरियो ।

६.१३ यस कार्यालयको योजना शाखा मार्फत पेश हुन आएको देहाय वमोजिमको बार्षिक कार्य योजना (Annual Work Plan) स्वीकृत गरियो ।

**आ.व. २०७९/८० को बार्षिक कार्य योजना (Annual Work Plan)**

| सि.नं. | मुख्य कार्यक्रमको नाम | प्रथम चौमासिक | दोश्रो चौमासिक | तेश्रो चौमासिक | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|
| १ | बार्षिक योजना पुस्तक तयारी | | | | योजना + आ.प्र. + विषयगत |
| २ | टोल विकास समिति गठन | | | | योजना + वडा कार्यालय |
| ३ | गाउँपालिका तथा वडा स्तरीय आयोजनाहरुको ल.ई.तयारी | | | | योजना + प्राविधिक + वडा कार्यालय |
| ४ | नदिजन्य पदार्थको सूचना प्रकाशन र सम्झौता | | | | आ.प्र. + योजना + प्राविधिक |
| ५ | निर्माण ठेक्का पट्टाहरुको सूचना प्रकाशन | | | | योजना + विषयगत + प्राविधिक |
| ६ | निर्माण ठेक्का पट्टाहरु स्वीकृति र सम्झौता | | | | योजना + विषयगत + प्राविधिक |
| ७ | टोल विकास समिति तथा अन्य निर्माण समितिसंग सम्झौता | | | | योजना + वडा कार्यालय |
| ८ | टोल विकास समिति/अन्य समिति मार्फत सञ्चालन आयोजनाहरुको फरफारक | | | | योजना + विषयगत + प्राविधिक + वडा |
| ९ | ठेक्का पट्टा मार्फत सञ्चालन आयोजनाहरुको फरफारक | | | | योजना + आ.प्र. + विषयगत + प्राविधिक |
| १० | आयोजना तथा कार्यक्रम सञ्चालनमा आएका गुनासा र समाधान | | | | गा.पा.अध्यक्ष + उपाध्यक्ष + प्र.प्र.अ. |
| ११ | आयोजना तथा कार्यक्रमहरुको अनुगमन | | | | अनुगमन समिति |
| १२ | बार्षिक प्रगति प्रतिवेदन तयारी | | | | योजना + आ.प्र.+ विषयगत + प्राविधिक + वडा कार्यालय |
| १३ | बार्षिक प्रगति समिक्षा | | | | योजना + आ.प्र.+ विषयगत + प्राविधिक + वडा कार्यालय |
| १४ | गा.पा.तथा वडा कार्यालयको जिन्सी निरीक्षण तथा प्रतिवेदन | | | | जिन्सी + कार्यालयले तोकेको कर्मचारी |
| १५ | आन्तरीक लेखापरीक्षण सम्पन्न | | | | आन्तरीक लेखापरीक्षण शाखा |

६.१४ गा.वि.स. तथा वडा कार्यालय मार्फत सञ्चालन हुने विभिन्न आयोजनाहरुको सहज सञ्चालनका लागि हालसम्म वडा १, ३, ४ र ८ बाट मात्र टोल विकास समितिहरु गठन भै आएकाले टोल विकास समिति गठन हुन बाँकी वडाहरुलाई ताकेता गर्ने ।

तप्त बहादुर पौडेल
अध्यक्ष

# २०७९ असोज ४ गते बसेको गाउँ कार्यपालिका बैठकको निर्णयहरु

तप्त बहादुर पौडेल
अध्यक्ष

६.१५ पालिकाको समग्र नीति, योजना र विकासका लागि विज्ञ सल्लाहकारहरुको समूह गठन गर्ने जिम्मेवारी गा.पा.अध्यक्षलाई दिने निर्णय गरियो ।

६.१६ स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस कार्यालयको कृषि तर्फ "बोरिङ्ग सिचाई" शिर्षकमा विनियोजित रकम रु. २० लाख लाई "साना सिचाई कार्यक्रम" शिर्षक कायम गर्ने ।

६.१७ देहाय वमोजिमका योजना निर्माणका लागि कार्य अगाडी वढाउने ।

| सि.नं. | योजनाको नाम |
|---|---|
| १ | कृषि योजना निर्माण |
| २ | भू- उपयोग नीति निर्माण |
| ३ | पूर्वाधार नीति निर्माण |
| ४ | प्रशासकीय भवनको DPR निर्माण |

६.१८ ILG Profile तयारीका लागि यस कार्यालयबाट विभिन्न वडाहरुमा खटिएका गणकहरुलाई प्रतिघरधूरी तथ्याङ्क संलन वापत २०७९ भाद्र २९ गते देखि रु. ६०।- का दरले पारीश्रमीक रकम उपलब्ध गराउने निर्णय गरियो ।

६.१९ खानेपानी तथा सरसफाई, वन तथा वातावरण र सहकारी शाखाको लागि कर्मचारी व्यस्थापन गर्ने ।

६.२० देहाय वमोजिमका आयोजना तथा कार्यक्रमहरु लुम्विनि प्रदेश पूर्वाधार विकास प्राधिकरण, राप्ती उपत्यका, देउखुरी दाङमा माग गरि पठाउने निर्णय गरियो ।

| सि.नं. | आयोजना तथा कार्यक्रमको नाम | ठेगाना | क्षेत्र |
|---|---|---|---|
| १ | कृषि तथा पशुपंछी बजार सूचना तथा हाट बजारको पूर्वाधार निर्माण, पशु नश्ल सुधार, बधशाला तथा शितभण्डार निर्माण | रा.सो. ८ | कृषि तथा पशुपंक्षि |
| २ | वडा नं. २ को गौशाला स्तरोन्नती र प्राराङ्गारीक मल (वर्मि कम्पोष्ट) उत्पादन | रा.सो. २ | कृषि तथा पशुपंक्षि |
| ३ | विभिन्न वडाहरुको सडकमा कालोपत्रे (५ कि.मि.) | विभिन्न वडा | पूर्वाधार |
| ४ | वडा नं. १ को खर्चेताल र वडा ३ को बैंशा पिकनिक पार्कलाई पर्यटकिय रुपमा विस्तार गर्न स्तरोन्ती | १, ३ | पर्यटन |

तप्त बहादुर पौडेल
अध्यक्ष

आज मिति २०७९।०६।०४ गते मंगलवारका दिन यस राप्ती सोनारी गाउँपालिकाका अध्यक्ष श्री तप्त बहादुर पौडेल ज्यू को अध्यक्षतामा तपशिल वमोजिमको उपस्थितिमा गाउँ कार्यपालिकाको वैठक बसी तपशिल वमोवजिमका प्रस्तावमा छलफलगरि तपशिल वमोजिमका निर्णय गरियो ।

| क्र स | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री तप्त बहादुर पौडेल | अध्यक्ष | |
| २ | श्री मनिषा सिंह थारु | उपाध्यक्ष | |
| ३ | श्री यम बहादुर खड्का | वडा नं १ अध्यक्ष | |
| ४ | श्री ज्ञानेन्द्र राज ओली | वडा नं २ अध्यक्ष | |
| ५ | श्री मीन कुमार थारु | वडा नं ३ अध्यक्ष | |
| ६ | श्री मीन राज खड्का सन्तोष | वडा नं ४ अध्यक्ष | |
| ७ | श्री झगरु थारु | वडा नं ५ अध्यक्ष | |
| ८ | श्री लवराज खरेल | वडा नं ६ अध्यक्ष | |
| ९ | श्री रामलखन थारु | वडा नं ७ अध्यक्ष | |
| १० | श्री शालिकराम डाँगी | वडा नं ८ अध्यक्ष | |
| ११ | श्री शोहनलाल थारु | वडा नं ९ अध्यक्ष | |
| १२ | श्री राधिका सुनार | महिला सदस्य | |
| १३ | श्री यम कुमारी वली | महिला सदस्य | |
| १४ | श्री गौत्रा कुमारी डाँगी | महिला सदस्य | |
| १५ | श्री सुमित्रा थारु | महिला सदस्य | |
| १६ | श्री थान बहादुर वि.क. | दलित सदस्य | |
| १७ | श्री केशवराज दमाइ | अल्पसंख्यक सदस्थ | |
| १८ | श्री हरि बहादुर खत्री | प्रमुख प्रशासकीय अधिकृत | |

| | | | |
|---|---|---|---|
| १ | श्री ज्ञानानन्द पौडेल | प्रो.अ. | |
| २ | श्री लोकेन्द्र चन्द | इ.प्र.का. | |
| ३ | | | |